वर्ष ९, अंक १
भाद्र/आश्विन, २०७४, September, 2017

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

### अध्यक्षको मन्तव्य



सन् २०१७/१८ को लागि सम्मानित संस्थाको नेतृत्वको जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त भएकोमा मलाई खुशी लागेको छ । संस्थाको नेतृत्व तहमा रहेर लेखाव्यवसायको विकास र विस्तारमा आफूलाई समर्पित गर्न पाउँदा यसलाई मैले गौरबको रूपमा लिएको छु ।

संस्थाको २१औं अध्यक्षको हैसियतमा यहाँहरू समक्ष केही कुरा राख्दै मेरो सामर्थ्य र नेतृत्व क्षमतामा विश्वास गरी मलाई २०१६/१७ मा उपाध्यक्ष र २०१७/१८ मा अध्यक्षको जिम्मेवारी प्रदान गर्नु भएकोमा सबै मित्रहरू प्रति आभार व्यक्त गर्न चाहन्छु । मैले प्राप्त गरेको जिम्मेवारीलाई न्याय संगत ढंगबाट पूरा गर्ने विश्वास दिलाउन चाहन्छु ।

संस्थाको उपाध्यक्षको रूपमा कार्यरत रहँदा तत्कालीन अध्यक्ष सिए. महेश खनालले दिनुभएको मार्गदर्शन र सहयोगको लागि उहाँलाई धन्यवाद दिन चाहन्छु । यस अवसरमा उपाध्यक्ष पदमा निर्वाचित हुनु भएका मेरा मित्र सिए. जगन्नाथ उपाध्याय निरौलालाई बधाई दिन चाहन्छु । उहाँको अनुभव तथा सहयोगी भावना संस्थाको विकासको लागि उपयोगी हुने कुरामा म विश्वस्त छु । समग्र व्यावसायिक विकासलाई यथोचित मार्गमा लैजाने कामको सुनिश्चितताको लागि हाम्रो समन्वयानात्मक प्रयास रहने छ ।

हालको अवस्थामा बढ्दो अपेक्षा र चुनौतीको व्यवस्थापन गर्नु संस्थाको अध्यक्षको लागि आँटिलो काम हो । जुलाई देखि सेप्टेम्बर २०१७ सम्म संस्थाले सम्पन्न गरेका र पहल गरेका महत्वपूर्ण कार्यहरूको साथै मेरो कार्यकालमा थालिने योजनाहरूको विवरणहरू यहाँ प्रस्तुत गर्न चाहन्छु । सरोकारवालाहरूको रचनात्मक प्रयास र सकृय सहयोगका साथै संस्थाका समर्पित कर्मचारीहरूले संस्थाको लक्ष प्राप्तिका लागि केन्द्रित भएमा हामीले थालनी गर्ने कार्यहरू सफल हुने कुरामा म विश्वस्त छु ।

### सदस्यहरुको लागि थालनी हुने प्रयासहरु

संस्थाले सधैं आफ्ना सदस्यहरूलाई विभिन्न गतिविधिहरूमा सहभागी गराउँदै आएको छ । समय समयमा सदस्यहरूको क्षमता अभिबृद्धिको लागि बिभिन्न कृयाकलापहरू, नियमनकारी निकायहरूबाट जारी भएका सूचना एवं परिपत्र सम्बन्धी जानकारीहरू र अन्तर्राष्ट्रिय जगतमा लेखाव्यवसायको क्षेत्रमा विकशित भएका जानकारीहरू उपलब्ध गराउन आवश्यक भएको हामीले महशुस गरेका छौं । यसको अलावा विविध जानकारीहरू संस्थाको जर्नल तथा खवरपत्रको प्रकाशन तथा संस्थाको वेभ साईटमा राख्दै आएका छौं । साथै यस्ता घटनक्रमहरूलाई e-mail तथा e-news बाट सदस्यहरूलाई सम्प्रेषण गर्न प्रयाशरत छौं ।

संस्था लेखापरीक्षणको गुणस्तर सम्बन्धमा उत्तिकै सचेत रहेको र निकट भविष्यमा गुणस्तर आश्वस्तता बारेमा व्यापकरूपमा पहल गर्ने योजनामा छ । गुणस्तर आश्वस्तता बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावलीको नियम १०३ को अधिनमा रही संस्थाका सदस्यहरूबाट सम्पन्न लेखापरीक्षणको पूनरावलोकन गरी सो उपर नियमनकारी निकाय तथा जनसाधरणले विश्वास गर्ने गरी तत्सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरिसकेको छ । लेखापरीक्षण पेशामा गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने काम क्रमिक रूपमा अनिवार्य गरिदै लगिने छ । पहिलो चरणमा सूचिकृत कम्पनीहरूको लेखापरीक्षण गर्ने लेखाव्यवसायी फर्महरूले गुणस्तर आश्वस्तता परीक्षण गराउनु पर्नेछ र यसलाई संस्थाले पुनरावलोकन गर्नेछ । यसका लागि नीति तथा कार्यविधिको तयारी अन्तिम चरणमा रहेको छ । यो पुनरावलोकन प्रकृयाले सदस्यहरूलाई जिम्मेवार र उत्तरदायी बनाउन एवं पेशा प्रतिको छवि उच्च राख्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

पेशागत विकासको सन्दर्भमा लेखाव्यवसायको सुरक्षा र छवि अभिबृद्धि गर्नको लागि संस्थाका सदस्यहरूले सार्वजनिक हित सम्बन्धी सेवा प्रदान गर्दा संस्थाले जारी गरेका बिभिन्न मानहरू र आचार संहिता पालना भएको सुनिश्चित गर्न म पूर्णरूपमा प्रयत्नशील रहने छु । IFAC को शर्त अनुसार हालको सि.पि.ई. व्यवस्थालाई पुनरावलोकन गर्दै लगिने छ । अनुगमन इकाईको माध्यमबाट पेशा र अभ्यासको अनुगमन गरिने छ ।

संस्थाका सदस्यहरूको निमित्त बैंकमा बेग्लै खाता खोली Member's Benevolent Fund स्थापना गरिने कुरा जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ । यो कोषको स्थापनाको उद्देश्य सदस्य, सदस्यका परिवार र तिनमा आश्रितहरूलाई आर्थिक समस्या परेको समयमा विशेषत: आकस्मिक बिरामी पर्दा र अन्य सकस आईपरेको अवस्थामा सहयोग गर्नु रहेको छ । यो कोष संचालन गर्ने विस्तृत कार्यविधि तयार गरिने छ ।

### सपथग्रहण समारोह

संस्थाका नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षको सपथग्रहण समारोह काठमाडौंको होटल सोल्टी क्राउन प्लाजामा मिति २०७४ श्रावण २ गते सम्पन्न भयो ।

सो समारोहमा संस्थाका अध्यक्ष सिए. महेश खनालले आफ्नो कार्यकालमा संस्थाले हासिल गरेको प्रगति र आफ्नो कार्यकालमा कार्यान्वयन गर्न नभ्याएका कार्यहरूको विवरण प्रस्तुत गर्नुभएको थियो । उहाँले आफ्नो कार्यकाल सफल बनाउन सहयोगी भूमिका खेल्नुहुने सम्पूर्ण संघ संस्था, व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

समारोहमा नव निर्वाचित अध्यक्ष सिए. प्रकाशजंग थापाले माननीय अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीको समुपस्थितिमा माननीय महालेखापरीक्षक श्री टंकमणी शर्माज्यूबाट पद तथा गोपनीयताको सपथग्रहण गर्नुभयो । त्यस लगत्तै संस्थाका नव निर्वाचित उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले नव नियुक्त अध्यक्ष सिए. प्रकाशजंग थापाबाट पद तथा गोपनीयताको सपथ लिनुभएको थियो ।



संस्थाका नव नियुक्त अध्यक्ष सिए. प्रकाशजंग थापा माननीय महालेखापरीक्षक श्री टंकमणी शर्माज्यूबाट पद तथा गोपनीयताको सपथ ग्रहण गर्नु हुदै ।

अध्यक्ष सिए.महेश खनालले नव नियुक्त अध्यक्षलाई अध्यक्षको माला लगाई आफूले सम्हाल्दै आएको संस्थाको जिम्मेवारी सिए. प्रकाशजंग थापालाई सुम्पनु भएको थियो । अध्यक्षमा नियुक्त हुनु पहिले सिए. प्रकाशजंग थापाले संस्थाको उपाध्यक्ष पदमा रही कार्य सम्हाल्दै आउनु भएको थियो ।

संस्थाको २१ औं अध्यक्षको हैसियतमा आफ्नो जिम्मेवारी सम्हाल्दै सिए. प्रकाशजंग थापाले अध्यक्षको गरिमामय पदमा आफूलाई विश्वासका साथ आगामी एक वर्षको लागि संस्था संचालनको जिम्मेवारी प्रदान गरेकोमा संस्थाका पार्षद् सदस्यहरूलाई धन्यवाद दिनुभएको थियो । संस्थाको गरिमालाई थप उचाईसम्म पुऱ्याउन र लेखा तथा लेखाव्यवसायको विकासमा आफू हरदम लागि पर्ने बताउनु भयो । उहाँले अध्यक्षको जिम्मेवारी पूरा गर्न पार्षद सदस्य, पूर्व अध्यक्षहरू, संस्थाका कर्मचारीहरू लगायत सरोकारवालाहरूसंग सहयोगको अपेक्षा राख्नु भयो ।

समारोहमा बोल्दै संस्थाका नव नियुक्त उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले अध्यक्षलाई आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने विश्वास सहित निवर्तमान अध्यक्षको कार्यकाल सफलताका साथ सम्पन्न गर्नुभएकोमा उहाँको कार्यको प्रशंसा गर्नु भयो । कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरूलाई उहाँले धन्यवाद ज्ञापन गर्नु भयो । समारोहमा ३०० भन्दा बढीको सहभागिता रहेको थियो ।

संस्थाले आफ्ना सदस्यहरूलाई लाभान्वित तुल्याउन Members Benefit Scheme ल्याउने सोच बनाएको छ । यसको लागि सम्बन्धित निकायहरूसंग क्रेडिट कार्ड, बीमा र व्यापारिक प्रतिष्ठानबाट विभिन्न छुट आदि लिने प्रयास गर्ने छ ।

## ब्रान्डिङ्ग र क्षमता अभिवृद्धि (Branding and Capacity Building)

सशक्त ब्रान्डिङ्ग र सचेतना कार्यक्रमहरू मार्फत स्थानीय तथा विश्वव्यापी रूपमा संस्थाको पहिचान बढाउन र लेखाव्यवसायको विकासको निमित्त मेरो अनवरत प्रयास रहने छ । यसका लागि संस्थाका सदस्य तथा विद्यार्थीहरूको लागि क्षमता अभिबृद्धिका सामाग्री ल्याउने उपायहरूको थालनी गरिने छ ।

## सरकारसंगको सहकार्य सम्बन्धी पहल

सरकारी अधिकारीहरू, नियमनकारी निकायहरू र अन्य सार्वजनिक निकायहरूसंग सहयोगी भूमिका र लेखा, वित्त र अर्थतन्त्रसंग सम्बन्धित विषय उपर नियमित छलफलको माध्ययमबाट देशको आर्थिक विकासमा योगदान पुऱ्याउन प्रयास गरिने छ ।

संस्थाले मुलुकमा लेखाव्यवसायको विकासको निमित्त गरेको प्रयासमा सरकारद्वारा सदैव सहयोग प्राप्त हुँदै आएको छ । संस्थाले सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ पार्नको लागि गणतान्त्रिक शासन पद्दतिको बदलिंदो परिदृष्य अनुसार सरकारलाई सहयोग गर्ने योजना बनाएको छ । यसको लागि लेखा निर्देशिका, मार्गदर्शन आदिको विकास, अनुभव आदान प्रदान र क्षमता अभिबृद्धि कार्यक्रम मार्फत सरकारका तीनवटै तहमा पुग्ने किसिमबाट सहयोग गरिने छ ।

## नेतृत्व तथा प्रभाव

लेखाव्यवसायको अग्रणीको हिसावले नियमनकारी निकायहरू जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड तथा अन्य सरोकारवाला संस्थाहरूसंग नजिक रही सहकार्यलाई निरन्तरता दिईने छ ।

नेपाल वित्तीय प्रतिवेदनमान लागु गराउनु संस्थाको लागि प्रमुख चुनौति रहेकोले यसको कार्यान्वयनलाई प्राथमिकता दिईने छ । यस सम्बन्धमा अनुभव र ज्ञान आदान प्रदान गर्न अन्य लेखाव्यवसायी निकायहरूसंग समेत पहल गरिने छ । नेपाल वित्तीय प्रतिवेदनमान तुरुन्तै लागु गर्न यसको प्रभाव तथा उपदेयता सम्बन्धमा सरकार तथा नियमनकारी निकायहरूलाई जानकारी गराइने छ ।

नियमनकारी निकायहरूसंग नजिक रही Corporate Governance बारेमा संस्थाका सदस्यहरूमार्फत अनिवार्य प्रमाणीकरण गर्ने कार्यको शुरूआत गरिने छ ।

वाणिज्य बैंकहरूको शाखा लेखापरीक्षण सम्बन्धमा अनिर्णित रहेको मुद्दालाई उठान गरी सम्बन्धित निकायहरूसंग पुनः छलफल गरी बैंकिङ्ग क्षेत्रमा सूचना प्रविधिको बढ्दो प्रयोग र त्यससँग सम्बन्धित जोखिम बारे अवगत गराई बैंकको शाखा लेखापरीक्षणको महत्व बारे जानकारी गराईने छ । आवश्यक परेको खण्डमा बैंक शाखाको लेखापरीक्षणको आवश्यकता र महत्व बारेमा नयाँ शिराबाट अध्ययन गरिने छ ।

त्यसैगरी, संस्थाका सदस्यहरू, लेखापरीक्षण सेवाग्राहीहरू र जनस्तरमा लेखाव्यवसाय सम्बन्धी चेतनामूलक कार्यक्रम मार्फत जागरूक गराउन सरोकारावालाहरूको लागि तत्सम्बन्धी सामग्री प्रकाशित गरिने छ ।

## अन्तर्राष्ट्रिय मान्यता

लेखाव्यवसाय तथा हाम्रा सदस्यहरूलाई अन्तर्राष्ट्रिय जगतबाट मान्यता दिलाउन मैले आफ्नो प्रयास जारी राख्ने छु । यसै परिप्रेक्षमा मैले लेखा सम्बन्धी विदेशी लेखाव्यवसायी संस्थाहरूसंग प्रविधिक सहायता लिन थप संभावनाहरूको खोजी र सहजता प्रदान गरी नयाँ पारस्परिक मान्यता सम्बन्धी संझौता एवं सहमतिपत्र बारेमा पहल गर्ने छु । साथै हालका MRA भएका संस्थाहरूसंग संझौता नवीकरणको लागि पहल गर्ने छु । हामी Chartered Accountants Australia & New Zealand संग MoU गर्ने प्रकृयाको अन्तिम तयारीमा छौं । त्यस्तै The Chartered Institute of Public Finance and Accountancy (CIPFA)संग संस्थाका सदस्यहरूलाई CIPFA सदस्यता प्रदान गर्न र सार्वजनिक वित्तीय व्यवस्थापनको (PFM) को सुदृढिकरणको साथै सदस्यहरू र सरकारी लेखाका कर्मचारीहरूको क्षमता विकासको लागि CIPFA संग आवश्यक सहयोगको व्यवस्था मिलाउने कार्य प्रगतिमा रहेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र The Institute of Chartered Accountants of India (ICAI) संगको लामो प्रयास पश्चात २४ अगष्ट २०१७ मा सहमति पत्रमा हस्ताक्षर भएको जानकारी गराउन पाउँदा मलाई निकै खुसी लागेको छ । यो सहमति पत्र नेपालका सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणको क्रममा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय सम्माननीय प्रधानमन्त्री नरेन्द्र मोदीको समुपस्थितिमा हस्ताक्षर भएको थियो । यो MoU को उद्देश्य दुई लेखाव्यवसायी संस्थाको आपसी सम्बन्ध मजवुत बनाउनुका साथै दुई मुलुकको लेखाव्यवसायको विकासमा योगदान पुऱ्याउनु रहेको छ । यस MoU ले आपसी सम्बन्धको विकासको साथै MRA को लागि मार्ग प्रशस्त गर्ने विश्वास लिएका छौं ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र सि.पि.ए अफगानिस्तानको संयुक्त आयोजनामा २०७४ भाद्र ११ र १२ गते काठमाडौंमा Role of Professional Accountants in Economic Development and Sustainability विषयमा दुई दिवशीय साफा अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको जानकारी गराउन पाउँदा मलाई निकै खुसी लागेको छ । दुई लेखाव्यवसायी संस्थाले आयोजना गरेको कार्यक्रमलाई विभिन्न क्षेत्रहरूबाट प्रशंसा गरिएको र यस्तो आयोजनालाई सार्क भावना अनुरूप क्षेत्रीय सहयोगको प्रमाणको रूपमा समेत लिईएको छ ।

संस्था स्थापनाको दुई दशक अवधिमा संस्थामा सदस्यको संख्या बढ्दै गएको र केही सदस्यहरूले विभिन्न देशमा आफ्नो सेवा प्रदान गर्दै आईरहेका छन् । तसर्थ म विदेश स्थित हाम्रा सदस्यहरूको अनुभव र ज्ञानको लाभ लिन संस्थाको Foreign Chapter स्थापनाको सम्भाव्यता खोजी गर्न पहल गर्नेछु ।

## आन्तरिक सुशासन र पूर्वाधार

सन् २०१४/१५ देखि सन् २०१६/१७ सम्मको रणनीतिक योजनाको मूल्याङ्कनको क्रममा रहेको र मूल्याङ्कनबाट प्राप्त अनुभवको आधारमा आगामी नयाँ तीन बर्षे रणनीतिक योजना तयार गर्नु मेरो एक प्रमुख कार्य रहने छ । नयाँ रणनीतिक योजनाको आधारमा संस्थाले आफ्नो कृयाकलापहरूलाई गतिलो किसिमबाट सम्पादन गर्न सहयोग पुग्ने मैले विश्वास लिएको छु ।

संस्थाले कार्यकारी निर्देशकको रूपमा सिए. संजय कुमार सिन्हालाई २०७४ भाद्र १६ गतेदेखि लागु हुने गरी चार वर्षको लागि नियुक्त गरेको छ । यस नियुक्तीले संस्थालाई बलियो र गतिशील नेतृत्व प्रदान गर्ने मैले विश्वास लिएको छु । संस्थाको कार्यलाई अझ बढी चुस्त बनाउन बढी प्राविधिक र योग्य कर्मचारीहरूको नियुक्ती गरिने छ ।

कर्मचारीहरूको ज्ञान, सीप र दक्षता अभिवृद्धिको लागि आन्तरिक र संस्था बाहिरका निकायबाट सेवाकालीन तालिम प्रदान गरिने छ । वित्तीय व्यवस्थापनलाई पारदर्शिता र उत्तरदायित्व बहनतामा थप सुधार ल्याउन आर्थिक प्रशासन सम्बन्धी विनियमावली र कर्मचारी सेवा शर्त विनियमावली संशोधनको प्रकृयामा रहेकोले यसलाई चाडै टुङ्गयाईने छ ।

आन्तरिक सुशासन र असल अभ्यासलाई बढावा दिन संचालनमा रहेका अभ्यासहरूलाई पुनर्मूल्याङ्कन र विकास गरिने छ र सरोकारवालाहरूलाई दिइने सेवाहरू अझ प्रभावकारिताका साथ सम्पन्न गरिने छ ।

## विद्यार्थी सम्बन्धी गतिविधि

हामी अन्तर्राष्ट्रिय स्तरसंग मिल्नेगरी संस्थाको पाठ्यक्रम तथा प्रकाशन कार्यहरूलाई संशोधन र अद्यावधिक गर्ने क्रममा छौं । मेरो कार्यकालमा सिए. विद्यार्थीहरूलाई E-learning, Lectures, Online materials आदि प्रदान गर्ने प्रयास रहने छ । Mentors तथा विद्यार्थीहरूको सहजताको लागि Mentoring Guidelines तयार गरिने छ ।

सिए. शिक्षा सम्बन्धी जानकारी फैलाउन, जागरूकता अभिबृद्धि गर्न, विद्यार्थीलाई आकर्षित गर्ने क्रममा संस्थाले नियमित रूपमा करीयर काउन्सलिङ्ग, करियर मेला, उच्च अंक प्राप्त गर्ने र पिछडिएको समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदानगर्दै आएको छ । मेधावी विद्यार्थीलाई सिए. शिक्षामा आकर्षित गर्न स्नातक वा दश जोड दुई परीक्षामा उच्चतम अंक ल्याउने पाँच जना विद्यार्थीले संस्थामा भर्ना भएमा छात्रवृत्ति प्रदान गरिने छ । त्यसैगरी, हालको सिए शिक्षाको पाठ्यक्रम पुनरावलोकन र परिस्कृत गरी यसलाई अन्तर्राष्ट्रिय स्तर अनुरूप नयाँ परीक्षा प्रणालीको अवलम्वन गरिने छ ।

## अनुसन्धान सम्बन्धी गतिविधि

हामीले संस्थाको अनुसन्धान सम्बन्धी कृयाकलापलाई सुदृढ र बृद्धि गर्न अझ बढी प्रयास गर्ने छौं । अनुसन्धान गर्ने अन्य संस्थाहरू पत्ता लगाई त्यस्ता संस्थाहरूसंग सहकार्यको आधारमा विशेष रूपमा लेखा र वित्तीय क्षेत्रमा अनुसन्धान कार्यलाई प्राथमिकता दिईने छ । ICAN Mobile App र सरकारी निकायहरूसंग डाटा मिलानहुने गरी ICAN Knowledge portal-gateway reposed निर्माण कार्यको थालनी गर्ने छौं ।

संस्थालाई यस अवस्थासम्म ल्याई पुऱ्याउन निःस्वार्थ रूपमा योगदान पुऱ्याउनु हुने संस्थाका पूर्व अध्यक्षहरू, पार्षद्हरू र सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । जसको फलस्रूप आज संस्थाले आफ्नो उच्च स्थान बनाउन सकेको छ । क्रमिक रूपमा बढ्दै गईरहेको संस्थाको सदस्य र विद्यार्थीको भर्ना संख्यालाई अझ बढाउँदै लग्ने मेरो प्रयास हुने छ । म सबै सदस्यहरूलाई संस्थाको विश्वसनीयता र छविलाई कायम राख्दै पेशा तथा समाजमा सकारात्मक योगदान पुऱ्याउनु हुन अपिल गर्दछु ।

मन्तव्यलाई अन्त्य गर्नु पूर्व म पार्षद मित्रहरूले मलाई विश्वास गरी अध्यक्षको रूपमा सेवा गर्ने मौका प्रदान गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु । थोरै समयमा धेरै कार्यहरू गर्नुपर्ने छ । त्यसको लागि उपयुक्त कार्ययोजना जरूरी छ । हेलेन केलरको अनुसार एक्लै थोरै मात्र गर्न सक्छ, संयुक्त रूपमा धेरै गर्न सकिन्छ भन्ने यथार्थलाई विचार गरी सबै सरोकारवालाहरू र संस्थाका कर्मचारीहरूको सहयोगले कार्य सफल पार्न सकिनेमा मलाई विश्वास छ ।

अन्तमा, म तपाई र तपाईहरूको परिवारजनमा २०७४ सालको विजया दशमी, दिपावली, नेपाल सम्बत र छठको शुभकामना व्यक्त गर्न चाहन्छु ।

सिए. प्रकाशजंग थापा
अध्यक्ष

## राष्ट्रिय उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन पुरस्कार, २०१६

संस्थाका नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षको सपथग्रहण समारोहको अवसर पारेर काठमाडौंमा मिति २०७४ श्रावण २ गते राष्ट्रिय उत्कृष्ट वित्तीय वार्षिक प्रतिवेदन पुरस्कार, २०१६ आयोजना गरिएको थियो ।

संस्थाका अध्यक्ष सिए. महेश खनालले कार्यक्रममा प्रमुख अतिथि, अतिथि र सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । प्रमुख अतिथि माननीय अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले दीप प्रज्वलन गरी औपचारिक रूपमा कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो ।




विजयी संस्थाका प्रतिनिधि माननीय अर्थ मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीज्यूबाट उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार ग्रहण गर्नु हुँदै ।

कार्यक्रममा अतिथिको रूपमा माननीय महालेखा परीक्षक टंकमणि शर्मा र धितोपत्र बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्की रहनुभएको थियो । सार्वजनिक तथा निजी क्षेत्रका प्रतिष्ठानहरूले तयार गरेका वार्षिक लेखा प्रतिवेदन संस्थामा पेश गरी ती प्रतिवेदनहरूको मूल्याङ्कनमा अधिकतम अंक ल्याउन सफल हुने Banking Sector (Private and Public Sector), Financial Sector (Including Development Banks and Finance Companies), / General Sector गरि ३ वर्गका संस्थाका प्रतिनिधिलाई कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री जानेन्द्र बहादुर कार्कीले राष्ट्रिय उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन पुरस्कार प्रदान गर्नुभएको थियो । विजयी संस्थाहरू निम्न अनुसार रहेका थिए ।

| Sector | Winner | First Runner up | Second Runner Up |
|---|---|---|---|
| Banking Sector(Private & Public Sector) | Standard Chartered Bank Nepal Ltd. | Nil | Nil |
| Financial Sector(Including Development Bank & Finance Companies | Kailash Bikas Bank Ltd. | First Micro Finance Development Bank Ltd. | Goodwill Finance Ltd. |
| General Sector | Butwal Power Company Ltd. | Bottlers Nepal Ltd. | Nil |

सो कार्यक्रममा पुरस्कार विजेताहरूको तर्फबाट स्टान्डर्ड चार्टर्ड बैंक नेपालका प्रतिनिधि सिए. सुरज लामिछानेले उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार प्रदान गर्ने प्रचलनले संगठित क्षेत्रका संस्थाहरूलाई हौसला प्राप्त भएको धारणा राख्नुभएको थियो ।

## Dynamics of Accounting and Financial Management सम्बन्धी सम्मेलन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले National Best Presented Account Award र संस्थाका नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षको सपथग्रहण समारोहको अवसर पारेर काठमाडौंमा मिति २०७४ श्रावण २ गते एक दिवशीय Dynamics of Accounting and Financial Management सम्बन्धी एक सेमिनारको आयोजना गऱ्यो ।

संस्थाका अध्यक्ष सिए. महेश खनालको स्वागत तथा शुभारम्भ मन्तव्यबाट शुरू भएको सम्मेलन तीन सत्रमा संचालन गरिएको थियो । सम्मेलनको पहिलो र तेश्रो सत्रमा कार्यपत्र प्रस्तुत गरिएको थियो भने दोश्रो सत्रमा सामुहिक छलफल (Panel Discussion) को आयोजना गरिएको थियो । सम्मेलनमा BAFIA, NFRS, कम्पनी ऐन र बजेट प्रणाली आदि प्रमुख विषयलाई समेटिएको थियो ।



Dynamics of Accounting and Financial Management समेलनको एक झलक ।

सम्मेलनमा संस्थाका सदस्य लगायत अन्य सहभागीहरूलाई लेखा तथा वित्तीय व्यवस्थापनको गतिशिलता सम्बन्धी जानकारी गराईएको थियो । सम्मेलन प्रमुख रूपमा संस्थाका सदस्यहरू, बिभिन्न निकायका प्रोफेशनल एकाउन्टेन्टहरू, सार्वजनिक तथा निजी व्यावसायिक क्षेत्रका महानुभावहरूलाई लक्षित गरी आयोजना गरिएको थियो । सम्मेलनमा कार्यपत्र प्रस्तोता र सामूहिक छलफलमा सम्बन्धित क्षेत्रका बिज्ञहरूको सहभागिता थियो ।

सम्मेलनमा संस्थाका सिए अध्ययनरत बिद्यार्थीहरूले सास्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । सम्मेलनमा १२५ जनाको सहभागिता रहेको थियो ।

## विश्व वैंकका प्रतिनिधिहरुसंग छलफल

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीहरूले विश्व बैंकका प्रतिनिधिहरू र नेपाल सरकारका प्रतिनिधिहरूसंग २०७४ श्रावण ७ गते संस्थाको कार्यालयमा बैठक बसेको थियो । उक्त बैठकमा नेपाल सरकार मार्फत विश्व वैंकले संस्थालाई गर्न सक्ने संभावित सहयोगका क्षेत्रका बारे छलफल भएको थियो ।

बैठकमा संस्थाका तर्फबाट अध्यक्ष सिए. प्रकाशजंग थापा लगायत उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, निवर्तमान अध्यक्ष सिए. महेश खनाल, पूर्व अध्यक्ष सिए. प्रकाश लम्साल, पूर्व कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठ र निमित्त कार्यकारी निर्देशक विनोद न्यौपाने सहभागी हुनुभएको थियो ।

## महालेखापरीक्षकसंग सौहाद्रपूर्ण भेटघाट

संस्थाका अध्यक्ष सिए. प्रकाशजंग थापा र उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले २०७४ श्रावण १८ गते माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मासंग सौहाद्रपूर्ण भेट गर्नु भयो । भेटको अवसरमा उहाँहरूले लेखाव्यवसायसंग सम्बन्धित समसामयिक विषयको साथै सार्वजनिक क्षेत्रमा NFRS लागु गर्ने, स्थानीय निकायको लेखापरीक्षण र अन्य विषयमा छलफल भएको थियो ।

## नेपाल राष्ट्र बैंक र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थावीच बैठक

संस्थाका अध्यक्ष सिए. प्रकाशजंग थापा र उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले २०७४ श्रावण १८ गते नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपाल र डेपुटी गभर्नर र कार्यकारी निर्देशकहरूसंग बैठक गर्नुभयो । बैठकमा लेखा तथा लेखापरीक्षण सम्बन्धी समसामयिक विषय माथि छलफल भएको थियो । उक्त बैठकमा विशेषगरी बैक तथा वित्तीय संस्थामा NFRS लागु भैसकेको अवस्थामा सोको कार्यान्वयनको स्थितिका साथै अन्य समसामयिक विषयहरूमा समेत छलफल भएको थियो ।

## नेपाल र भारतका चार्टर्ड एकाउन्टेन्ट्स संस्था वीच सहमतिपत्रमा हस्ताक्षर

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) र The Institute of Chartered Accountants of India (ICAI) वीच भाद्र २०७४ भाद्र ८ गते नयाँ दिल्लीमा आपसी सहयोग सम्बन्धी सहमतिपत्रमा हस्ताक्षर (Memorandum of Understanding, MoU) सम्पन्न भयो ।



ICAN तथा ICAI समझदारी पत्रमा हस्ताक्षर पत्रका साथ दुई संस्थाका अध्यक्षहरू ।

ICAN को तर्फबाट अध्यक्ष सिए. प्रकाशजंग थापा र ICAI को तर्फबाट सिए. निलेश विकाम्सेले हस्ताक्षर गर्नुभएको थियो । यो सहमति पत्र (MoU) मा प्रधानमन्त्रीको भारत भ्रमणको क्रममा नेपालका सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय माननीय प्रधानमन्त्री नरेन्द्र मोदीको समुपस्थितिमा हस्ताक्षर भएको थियो । उक्त MoU हस्ताक्षर समारोहमा संस्थाका उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाको समेत उपस्थिति रहेको थियो ।

## बाणिज्य बैंक तथा विकास बैंकका बाह्य लेखापरीक्षकहरुसंगको अन्तरकृया

संस्थाले बाणिज्य बैंक तथा विकास बैंकका बाह्य लेखापरीक्षकहरूसंग २०७४ भाद्र २ गते नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) संग सम्बन्धित अर्ध दिवशीय अन्तरकृया कार्यक्रम संचालन गऱ्यो । संस्थाको सातदोबाटो स्थित भवनमा आयोजित उक्त अन्तरकृया कार्यक्रममा १४ लेखाव्यवसायी फर्मका १८ जनाको सहभागिता रहेको थियो ।

संस्थाका अध्यक्ष सिए. प्रकाशजंग थापाले अन्तरकृयामा उपस्थित महानुभावहरूलाई स्वागत गर्दै अन्तरकृया आयोजना गर्नुको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । कार्यक्रममा संस्थाका उपाध्यक्ष जगन्नाथ उपाध्याय निरौला, निवर्तमान अध्यक्ष सिए. महेश खनाल र निमित्त कार्यकारी निर्देशक विनोद प्रसाद न्यौपानेको समेत उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा वित्तीय प्रतिवेदन तयार गर्दाको अनुभव आदान प्रदान गर्नुका साथै लेखापरीक्षणको क्रममा देखिएका समस्या र चुनौतिका सम्बन्धमा सहभागीहरू वीच छलफल भएको थियो ।

## साफा अन्तर्राष्ट्रिय सम्मेलन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र सि.पि.ए अफगानिस्तानको संयुक्त आयोजनामा २०७४ भाद्र ११ र १२ गते काठमाडौंमा Role of Professional Accountants in Economic Development and Sustainability विषय माथि दुई दिवशीय साफा अन्तर्राष्ट्रिय सम्मेलन संचालन गरियो ।

सम्मेलनको पहिलो दिन कार्यक्रम आयोजकहरूले प्रमुख अतिथि, विशेष अतिथि, अन्य अतिथि लगायत समारोहमा सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथिको रूपमा माननीय उपप्रधान तथा शिक्षामन्त्री श्री गोपालमान श्रेष्ठ रहनुभएको थियो भने विशेष अतिथिको रूपमा माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा, साफा अध्यक्ष ए.एस. एम नईम, अफगानिस्तानका ट्रेजरी विभागका संयोजक डा. साइद नईम सादात रहनुभएको थियो ।



माननीय उपप्रधान तथा शिक्षामन्त्री श्री गोपालमान श्रेष्ठ साफा अन्तर्राष्ट्रिय सम्मेलको उद्घाटन गर्नु हुदै ।

प्रमुख अतिथि माननीय उपप्रधान तथा शिक्षामन्त्री श्री गोपालमान श्रेष्ठज्यूले दीप प्रज्वलन गरी समारोहको औपचारिक उद्घाटन गर्नुभएको थियो । समारोहको उद्घाटन पश्चात नेपाल र अफगानिस्तानका राष्ट्रिय धुन बजाईएको थियो ।

समारोहमा आयोजक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष सिए. प्रकाशजंग थापा र समारोहका अर्का आयोजक संस्था सि.पि.ए अफगानिस्तानका अध्यक्ष मोहम्मद जरीफ लुदिनले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो ।

समारोहलाई संबोधन गर्दै विशेष अतिथि तथा प्रमुख अतिथिले कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्दै दुवै संस्थाले अन्तर्राष्ट्रिय स्तरमा लेखाक्षेत्रको विकासमा खेलेको भूमिका र देशको छवी उच्च राख्न गरेको प्रयासका बारेमा संस्थाहरूको सह्राना गर्नुभएको थियो । नेपाल र अफगानिस्तानको संयुक्त प्रयासमा भएको यस सम्मेलनले SAARC जगतमा लेखा क्षेत्रको विकास र अनुभव आदान प्रदानमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उक्त सम्मेलनमा साफासंग आवद्ध सार्क राष्ट्का लेखाव्यवसायी संस्थाहरूका प्रमुखहरूको संलग्नता रहेको थियो ।

सो समारोहमा बोल्दै संस्थाका अध्यक्ष सिए. प्रकाशजंग थापाले कार्यक्रम आयोजना गर्नुको उद्देश्य तथा उपदेयता माथि प्रकाश पार्नु हुँदै मुलुकको आर्थिक विकास तथा देशको दीर्घकालीन विकासमा लेखाव्यवसायको महत्व बारेमा समेत आफ्नो धारणा राख्नुभएको थियो ।

संस्थाका उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले समारोहको शुभारम्भ सत्रमा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि र सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतबाट पाल्नुहुने महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

आयोजकको तर्फबाट कार्यक्रम सम्बन्धी विशेष प्रकाशन प्रकाशित गरिएको थियो भने कार्यक्रममा सहभागीहरूको सम्मानमा सास्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । ४ सत्रमा संचालित कार्यक्रममा २२५ जनाको सहभागिता रहेको थियो । सहभागी संस्थाका सदस्यहरूलाई संस्थाले १० सिपिई क्रेडिट आवर प्रदान गरेको थियो ।

## साफा कमिटि तथा बोर्ड बैठक

साफा अन्तराष्ट्रिय सम्मेलनको अवसर पारेर नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र सि.पि.ए अफगानिस्तानले संयुक्तरूपमा ११ र १२ भाद्र २०७४ मा सातवटा समिति बैठक (Auditing Standard and Quality Assurance, Small and Medium Practices, ITAG, International Relation, Fiscal Regime, Education and CPD and Professional Committee) र एउटा Task Force Meeting (Sustainable

Development) सम्पन्न गऱ्यो भने १३ भाद्रमा ४८औं साफा बोर्ड बैठक बसेको थियो ।



साफाबोर्ड बैठकका सहभागीहरूको सामुहिक तस्विर ।

बिभिन्न समितिका बैठकहरूमा आ-आफ्नो क्षेत्रसंग सम्बन्धित विविध विषयहरूमा छलफल गरी तत्सम्बन्धी निर्णय गरेका थिए । साफा स्तरीय बैठकले सि.पि.ए अफगानिस्तानलाई एसोसिएट्स सदस्यता प्रदान गर्ने निर्णय गरेको छ ।

## व्यवस्थापन तथा संचार सीप तालिम

संस्थाले CAP III र लेखाप्राविधिक तहको परीक्षा उत्तीर्ण गरेका र CAP III तहमा दुवै समूहको परीक्षामा सामेल भएका बिद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि संस्थाको भवनमा ३ सेप्टेम्बर देखि १८ सेप्टेम्बर २०१७ मा १२ औं व्याचको व्यवस्थापन तथा संचार सीप तालिम सफलतापूर्वक संचालन गऱ्यो ।

तालिमको माध्यमबाट बिद्यार्थीहरूले लिखित तथा मौखिक संचार सीपका साथै सामान्य व्यवस्थापनका पक्ष बारेमा समेत जानकारी प्राप्त गर्ने गरेका छन् । यो तालिमबाट ती बिद्यार्थीहरूलाई विभिन्न क्षेत्रमा रोजगारीको थप अवसरहरू प्राप्त गर्न सहयोग पुग्ने गरेको छ । यस तालिममा जम्मा ३७ जना बिद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## कार्यकारी निर्देशक नियुक्त

संस्थाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३८ अनुसार संस्थाको कार्यकारी निर्देशकको रूपमा सिए. संजय कुमार सिन्हालाई २०७४ भाद्र १६ गतेदेखि लागु हुने गरी चार वर्षको लागि नियुक्त गरेको छ ।


सिए. संजय कुमार सिन्हा

संस्थाका नव नियुक्त कार्यकारी निर्देशक सिए. सिन्हाले यस अघि विभिन्न संस्थाहरूमा विभिन्न पदमा रही काम गरेको कार्यअनुभव प्राप्त गर्नुभएको छ ।

## नव नियुक्त कार्यकारी निर्देशकसंगको कर्मचारी बैठक

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका नव नियुक्त कार्यकारी निर्देशक सिए. संजयकुमार सिन्हाले संस्थाका उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाको उपस्थितिमा २०७४ भाद्र १६ गते संस्थाका कर्मचारीहरूसंग बैठक गर्नु भएको थियो । परिचयबाट शुरू भएको बैठकमा संस्थाका कर्मचारीहरूले कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हालाई स्वागत गरेका थिए । बैठकमा कार्यकारी निर्देशकले कर्मचारीहरूलाई दत्तचित्त भई आफ्नो कार्य गर्न र सरोकारवालाहरूलाई छिटो र सहज किसिमले सेवा प्रदान गर्न निर्देशन दिनुभएको थियो । कार्यकारी निर्देशकको हैसियतमा कर्मचारीहरूलाई गर्नसक्ने सहयोगको निमित्त आफू सधैं तयार रहने बैठकमा जानकारी गराउनु भएको थियो ।

## लेखापरीक्षण सम्बन्धी विषयहरु र अनुगमन समितिको भूमिका बारे अन्तरकृया कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सातदोबाटो, ललितपुर स्थित कार्यालय भवनमा २०७४ भाद्र ३० मा Issues Related to Auditing and Role of Monitoring Committee सम्बन्धी संस्थाका सदस्यहरूसंग अन्तरकृया कार्यक्रम संचालन गऱ्यो ।

अनुगमन समितिका सभापति सिए. सुरेश देवकोटाले कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्नु हुदैं कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो । उक्त कार्यक्रममा संस्थाका अध्यक्ष सिए. प्रकाशजंग थापा, उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला र संस्थाका कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हाले कार्यक्रमको महत्व र विविध पक्षबारे प्रकाश पार्नुभएको थियो । उक्त कार्यक्रममा अन्य पार्षद्हरूको समेत उपस्थिति रहेको थियो । संस्थाका अधिकारीहरूको वक्तव्य पश्चात सहभागीहरूसंग अन्तरकृयाको लागि फ्लोर खुल्ला गरिएको थियो ।

अनुगमन समितिका सदस्य सिए. रविन सापकोटाले समापन मन्तव्य राख्दै धन्यवाद सहित कार्यक्रम सम्पन्न भएको घोषणा गर्नुभएको थियो । कार्यक्रममा कुल ६८ जनाको सहभागिता रहेको थियो ।

## नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धी तालिम (NFRS Training)

संस्था र वीमा समितिको संयुक्त आयोजनामा २०७४ आश्विन १ देखि ३ सम्म होटल सोल्टी क्राउन प्लाजा, काठमाडौंमा नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धी तालिम कार्यक्रम संचालन गरियो । कार्यक्रममा वीमा समितिका अधिकारीहरू लगायत बिभिन्न वीमा कम्पनीहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रमा संस्थाका अध्यक्ष सिए. प्रकाशजंग थापाले चालू आर्थिक बर्षदेखि वीमा क्षेत्रमा नेपाल वित्तीय प्रतिवेदनमान लागु भैसकेको जानकारी गराउँदै प्रतिवेदनमान लागु नगर्दा पर्ने विविध असरका बारेमा उल्लेख गर्नुभएको थियो । यो तालिम आयोजनाको मुख्य उद्देश्य सहभागीहरूलाई नेपाल वित्तीय प्रतिवेदनमानको बारेमा बिस्तृत जानकारी गराउनुरहेको थियो ।

तीन दिनमा जम्मा १२ सत्रमा तालिम कार्यक्रम संचालन गरिएको थियो । तालिम कार्यक्रममा ३७ वीमा कम्पनीका ६९ जनाको सहभागिता रहेको थियो ।

## स्थायी तथा अस्थायी समिति गठन

परिषद्ले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को दफा १३ अनुसार २०७४/७५ को लागि निम्नानुसार ४ वटा स्थायी समिति र २४ वटा अस्थायी समिति गठन गरेको छ ।

## सिए. सदस्यता परीक्षाको नतिजा प्रकाशित

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जून २०१७ मा संचालन गरेको सदस्यता परीक्षाको नतिजा २०१७ अगस्ट १४मा प्रकाशित गरेको छ । परीक्षाको प्रकाशित नतिजा अनुसार ४३ जना परिक्षार्थी सफल भएका छन् ।

## जून २०१६ मा संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल प्रकाशित

संस्थाले जून २०१७मा संचालन गरेको चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल २०१७ अगष्ट १४ मा प्रकाशित गरेको छ । परीक्षाको नतिजा अनुसार CAP I तहका २८६, CAP II तहका १४३ र CAP III तहका ३९ जनाले परीक्षा उत्तीर्ण गरेका छन् ।

## Crash Course

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले बिद्यार्थीहरूलाई परीक्षाको तयारीमा सहयोग पुऱ्याउने अभिप्रायले CAP II र CAP III तहका बिद्यार्थीहरूको लागि २०७४ भाद्र ८ देखि Crash Course को संचालन गऱ्यो । दुवै तहको परीक्षाका लागि तुलनात्मक रूपमा केही कठीन र प्रमुख विषयहरूको मात्र अध्यापन गराईएको थियो । उक्त कोर्षमा CAP II तहमा ४१ जना र CAP III तहमा १५ जना बिद्यार्थी सहभागी भएका थिए ।

## नयाँ विद्यार्थी दर्ता

लेखाव्यवसाय र अन्य व्यवसायमा संग्लग्न हुन चाहने विद्यार्थीहरूको निमित्त चार्टर्ड एकाउन्टेन्सी शिक्षा एक आकर्षक कोर्षको रूपमा रहदैं आएको छ । जूलाई २०१७ देखि सेप्टेम्बर २०१७ सम्म कूल ४४७ नयाँ विद्यार्थीहरूले सिए कोर्षका विभिन्न तहमा आफ्नो नाम दर्ता गराएका छन् ।

## एकवर्षे Internship

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ (पाँचौं संशोधन) को नियम ४१ (क) ले विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता हासिल गर्नेहरूको लागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न एक बर्षे Internship गर्नुपर्ने व्यवस्था गरेको छ। जूलाई २०१७ देखि सेप्टेम्बर २०१७ सम्म भारतको ICAI बाट परीक्षा उत्तीर्ण गरेका कूल ३५ जनाले एक बर्षे Internship को लागि संस्थामा आफ्नो नाम दर्ता गराएका छन् ।

## CAP I तहका विद्यार्थीहरुसंग अन्तरकृया

संस्थाले CAP I तहका विद्यार्थीहरूसंग अन्तरकृया गर्ने उद्देश्यले २०७४ भाद्र ३१, आश्विन १ र २ मा संस्थाको भवन सातदोबाटोमा अलग-अलग रूपमा तीन दिनसम्म अन्तरकृया कार्यक्रम संचालन गरेको थियो । उक्त कार्यक्रममा सो तहका विद्यार्थीहरूको आवश्यकता, संस्थाले गर्नु पर्ने सहयोग, विद्यार्थीहरूको भूमिका र अन्य विषय माथि छलफल भएको थियो ।

## सदस्यता पेशागत प्रमाणपत्र र लेखाव्यवसायी फर्म सम्बन्धी

२०१७ जुलाई १ देखि सेप्टेम्बर ३० सम्ममा संस्थाको सदस्य संख्या, पेशागत प्रमाणपत्र संख्या र लेखाव्यवसायी फर्म संख्या तथा सो अवधिको नवीकरण स्थिति निम्न बमोजिम रहेको छ ।

| Category | Total Member | Member Renewal | Total COP | COP Renewal | Total Firm | Firm Renewal |
|---|---|---|---|---|---|---|
| CA/ FCA | 1153 | 678 | 729 | 413 | 719 | 336 |
| RA B | 3384 | 1468 | 3122 | 1281 | 1777 | 1279 |
| RA C | 1592 | 635 | 1445 | 592 | 804 | 590 |
| RA D | 2275 | 989 | 2076 | 947 | 1220 | 944 |
| Total | 8404 | 3770 | 7372 | 3233 | 4520 | 3149 |

## नयाँ चार्टर्ड एकाउन्टेन्टहरुको संस्थामा दर्ता

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १६(२) बमोजिम २०१७ जुलाई १ देखि सेप्टेम्बर अन्तसम्ममा संस्थामा नयाँ दर्ता भएका २९ चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको नामावली निम्न अनुसार रहेको छ ।

| S. No | Member No | Name |
|---|---|---|
| 1 | 1133 | RAMESH BAKHADYO |
| 2 | 1134 | KRISHNA NIRAULA |
| 3 | 1135 | SRISTI KOIRALA |
| 4 | 1136 | ANISH ADHIKARY |
| 5 | 1137 | AASHISH DHAKAL |
| 6 | 1138 | BIRAJ ACHARYA |
| 7 | 1139 | MAMATA JAISWAL |
| 8 | 1140 | TULSI DEVI GUTAM |
| 9 | 1141 | RUPESH BHANDARI |
| 10 | 1142 | SANTOSH PANDEY |
| 11 | 1143 | BADRI SEDAI |
| 12 | 1144 | AVHA KHADKA |
| 13 | 1145 | HIMAL DAHAL |
| 14 | 1146 | SAROJ KUMAR BHATTA |
| 15 | 1147 | NIWASH BHATTARAI |
| 16 | 1148 | ROJAL NEWA |
| 17 | 1149 | RABINDRA SHRESTHA |
| 18 | 1150 | AMRIT RAJ LAMSAL |
| 19 | 1151 | PRABHAT KHATRI |
| 20 | 1152 | SANJEEV DHAKAL |
| 21 | 1153 | PUSHPA RAJ DHAKAL |
| 22 | 1154 | RAJESH SINGH |
| 23 | 1155 | MILKESH SHRESTHA |
| 24 | 1156 | SAMIKSHA SHRESTHA |
| 25 | 1157 | SHRADHA RAJBHANDARI |
| 26 | 1158 | PRAKASH GAUTAM |
| 27 | 1159 | SUJIT RAUT |
| 28 | 1160 | APSARA UPRETI |
| 29 | 1161 | VIVEK BANG |

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
सातदोबाटो, ललितपुर पो. ब. नं. ५२८९ (काठमाडौं), फोन: ०१–५५३०८३२ ५५३०७३०
फ्याक्स: ००९७७ १ ५५५०७७४, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np
शाखाहरू: विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज र धनगढी